फोन नं: ०११-४९०२०१/४९०५८९
Email: adokavre@gmail.com,
Web: https://kavre.ado.gov.np/

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोक

## कृषि व्यवसाय प्रवर्धन कार्यक्रममा सहभागिताका लागि प्रस्ताव/आवेदन आव्हान सम्बन्धि सूचना

**सूचना नं ६/०८२/८३**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०८/१५**

कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोकको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलमा उल्लेखित कृषि विकास कार्यक्रमहरु लागत साझेदारीमा संचालन गर्न यस केन्द्रको कार्यक्षेत्र (काभ्रेपलान्चोक, सिन्धुपाल्चोक जिल्ला) भित्रका इच्छुक योग्य आवेदकहरु (कृषक समुह, कृषि कार्यमा संलग्न सहकारी, फर्म/कृषि कम्पनी) ले यो सूचना प्रकाशित भएको मितिले २१ औं दिन (मिति २०८२/०९/०६) सम्म कार्यालय समयभित्र आइपुग्ने गरी देहाय बमोजिमका कागजातहरु सहितको आवेदन/प्रस्ताव तयार गरी कृषि विकास कार्यालय, धुलिखेल वा कार्यालयको सेवा केन्द्र चौतारा सिन्धुपाल्चोकमा पेश गर्नुहुन **"एकिकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२"** को दफा ३ बमोजिम यो सूचना प्रकाशन गरिएको छ। अनलाइन मार्फत प्रस्ताव/आवेदन पेश गर्न इच्छुक आवेदकहरुले कार्यालयको वेभसाइट https://www.kavre.ado.gov.np/ को **आयोजना/कार्यक्रम माग आवेदन फारम** भित्र गइ **प्रस्ताव पेश गर्नको लागि उपलब्ध रहेका कार्यक्रमहरु** मध्ये आवेदन दिन चाहेको कार्यक्रमको **+आवेदन फारम भर्नुहोस** लाई क्लिक गरि निर्दिष्ट कागजात/जानकारीहरु पुर्ण रुपमा अपलोड/प्रविष्ट गरी आवेदन पेश गर्न सकिनेछ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

| क.स. | कार्यक्रमको नाम | इकाई | परिमाण | प्रोत्साहन रकम रु. (अधिकतम) | कार्यक्रम बजेट रु. लाखमा | प्रति क्लष्टरको न्यूनतम मापदण्ड | कैफीयत |
|---|---|---|---|---|---|---|---|
| १ | मौरी प्रवर्द्धन कार्यक्रम | संख्या | ७ | प्रति घार गोला सहित रु. १० हजार | ७ | ५० घार | |
| २ | व्यवसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम | हेक्टर | १४ | रु. २ लाख प्रति हेक्टर | २८ | खुला जमिनमा ०.५हेक्टर वा संरक्षित संरचनाको हकमा न्युनतम क्षेत्रफल १८० | |

कुल प्रसाद
कार्यालय प्र
अधिकृत

Scanned with CamScanner

फोन नं: ०११-४९०२०१/४९०५८९
Email: adokavre@gmail.com,
Web: https://kavre.ado.gov.np/

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोक

| क्र.स. | कार्यक्रमको नाम | इकाई | परिमाण | प्रोत्साहन रकम रु. (अधिकतम) | कार्यक्रम बजेट रु. लाखमा | प्रति क्लष्टरको न्यूनतम मापदण्ड | कैफीयत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | वर्ग मिटर | |
| ३ | व्यावसायिक फलफुल खेति प्रवर्दन कार्यक्रम | हेक्टर | २१ | रु. २ लाख प्रति हेक्टर, किवी र ड्रागन फ्रुटको हकमा रु. ४ लाख प्रति हेक्टर | २१ | १ हेक्टर | |
| ४ | कफि प्रवर्द्धन तथा क्षेत्र विस्तार सहयोग | हेक्टर | ११.२ | रु. ३ लाख प्रति हेक्टर | ३३.६ | १ हेक्टर | |
| ५ | व्यावसायिक खाद्यान्न बाली प्रवर्दन कार्यक्रम | हेक्टर | १७.५ | रु. १ लाख प्रति हेक्टर | १७.५ | २ हेक्टर | |
| ६ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | हेक्टर | ७ | रु. १ लाख प्रति हेक्टर | ७ | १ हेक्टर | |
| ७ | साना सिंचाइ निर्माण कार्यक्रम | संख्या | २१ | प्रति साझेदार रु. २ लाख | ४१.२८ | अधिकतम २५ हेक्टर क्षेत्रफल सम्म सिंचाइ सुविधा पुग्ने सिंचाइ पुर्वाधार | |
| ८ | व्यावसायिक च्याउ प्रवर्दन कार्यक्रम | संख्या | ४ | अधिकतम रु. ५ लाख | १४ | कन्ये च्याउको १५०० के.जी. र गोब्रे च्याउको हकमा २०० के.जी. वीउ र सिताकेको हकमा २००० मुढा | |
| ९ | स्मार्ट एग्रिकल्चर प्रविधि अवलम्वन सहयोग | संख्या | २ | अधिकतम १० लाख | ६.३ | खुल्ला जमिनको लागि न्युनतम ३ रोपनी तथा संरक्षित संरचनाको हकमा न्युनतम | |

कुल प्रसाद दवाडी
कार्यालय प्रमुख
अधिकृत स्तर नवौं

CS Scanned with CamScanner

फोन नं: ०११-४९०२०१/४९०५८९
Email: adokavre@gmail.com,
Web: https://kavre.ado.gov.np/

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोक

| क्र.स. | कार्यक्रमको नाम | इकाई | परिमाण | प्रोत्साहन रकम रु. (अधिकतम) | कार्यक्रम बजेट रु. लाखमा | प्रति क्लष्टरको न्यूनतम मापदण्ड | कैफीयत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | १८० वर्गमिटरको संरचना सहित स्मार्ट प्रविधि संग सम्वन्धित क्रियाकलाप | |

प्रस्तावपत्र/आवेदन पेश गर्दा संलग्न राख्नुपर्ने आवश्यक कागजातहरु:

१. रु १० को टिकट टाँस सहित कार्यक्रम उल्लेख गरिएको निवेदन माग फारम,

२. कार्यविधिको अनुसुचि २ बमोजिमको ढाँचामा आवेदन तथा अनुसुचि ३ बमोजिको प्रस्तावना पत्र ।

३. संस्था दर्ता, नवीकरण, मु.अ.कर/स्थायी लेखा नम्वर दर्ता प्रमाणपत्रको प्रतिलिपि, २०८१/०८२ को कर चुक्ता प्रमाणपत्र पत्रको प्रतिलिपि, कार्यक्रम माग, संचालन सम्बन्धि र अख्तियारी प्राप्त व्यक्ति तोकिएको सम्बन्धि संस्थाको निर्णयको छाँयाकपी।

४. अख्तियारी प्राप्त व्यक्ति/प्रतिनिधिको नागरिकताको छायाँकपी।

५. समुह/सहकारी/निजी फर्म/कम्पनीको लेखा परीक्षण प्रतिवेदन, प्रबन्ध पत्र वा नियमावली/उद्देश्य देखिने कागजातहरु

६. सम्बन्धित स्थानीय तहको कार्यक्रम संचालन सम्बन्धि आवश्यक सिफारिस पत्र।

७. कार्यक्रम संचालन तथा संरचना निर्माण गरिने जग्गाको न्यूनतम मापदण्ड बमोजिमको लालपुर्जाको प्रमाणित प्रतिलिपि। जग्गा भाडामा लिएको भए सम्बन्धित वडा कार्यालय वा नियमानुसारका निकायबाट प्रमाणित कार्यविधिमा उल्लेख भए बमोजिमको करार सम्झौताको प्रतिलिपि

८. छनौट भएको खण्डमा न्युनतम तिन वर्षसम्म व्यवसाय सञ्चालन गर्ने र लागत साझेदारी बापतको रकम लगानी गर्ने तथा दोहोरो अनुदान सुविधा नलिने अनुसुचि ४ बमोजिमको प्रतिवद्दता पत्र।

९. प्रस्तावमा उल्लेखित एउटै प्रयोजनको लागि नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह/अन्य संघ संस्थाबाट सम्वन्धित कार्यक्रम/क्रियाकलापको लागि गत आ.व. २०८१/०८२ मा अनुदान प्राप्त गरे/नगरेको अनुसूचि १५ बमोजिमको स्व-घोषणा

१०. समुह/सहकारीको हकमा गत आ.व.मा अनुदान रकम प्राप्त गरेका कृषकहरुको विवरण पेश गर्नु पर्ने साथै कार्यालयबाट कार्यक्रम सम्बन्धमा माग भएका आवश्यक अन्य कागजातहरु ।

पुनश्चः

- अनलाइन मार्फत प्रस्ताव पेश गर्ने आवेदकहरुले उल्लेखित सम्पूर्ण कागजातहरु कार्यालयको वेभसाइटमा रहेको अनलाइन प्रणाली मार्फत निर्दिष्ट सबै कागजातहरु अपलोड गरि पेश गर्नुपर्नेछ, इमेल मार्फत पेश गर्न

कुल प्रसाद [illegible]
कार्यालय प्रमुख
अधिकृत स्तर नवौं

CS Scanned with CamScanner

फोन नं: ०११-४९०२०१/४९०५८९
Email: adokavre@gmail.com,
Web: https://kavre.ado.gov.np/

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, काभ्रेपलाञ्चोक

पाइने छैन र प्रारम्भिक चरणमा छनौट भएको खण्डमा पेश गरेका सक्कल कागजातहरु स्थलगत प्रमाणिकरणका क्रममा अनिवार्य देखाउनुपर्नेछ अन्यथा आवेदक छनौटको लागि अन्तिम मूल्याङ्कन प्रक्रियामा समावेश गरिने छैन।

- एक भन्दा बढी कार्यक्रममा आवेदन दिन चाहने आवेदकहरुले अनिवार्य रुपमा छुट्टा छुट्टै अनुसुचि ३ बमोजिमको प्रस्ताव फारम पुर्ण रुपमा भरि छुट्टटा छुट्टै फाइलमा पेश गर्नुपर्नेछ साथै आवेदकहरुले जिल्लाले निर्धारण गरेका प्राथमिकता प्राप्त बालीका पकेट सुहाउदो कार्यक्रममा मात्र आवेदन दिनुपर्ने छ।
- विगत तीन आ.व.मा कुनै पनि कार्यक्रममा छनौट नभएका आवेदकलाई प्राथमिकता दिइनेछ।
- साना सिंचाइ कार्यक्रमका लागि माथि उल्लेखित आवेदकहरुको अलावा जल उपभोक्ता समितिले समेत आवेदन दिन सक्नेछन।
- कार्यक्रम कार्यान्वयनको क्रममा प्रदेश सरकारबाट कार्यक्रम संसोधन भइ स्विकृत वजेट एवं लक्ष्य परिमाणमा परिवर्तन भएमा सोही अनुरुप कार्यक्रम सम्झौता तथा कार्यान्वयन हुनेछ।
- गत आ.व.मा मन्त्रालय वा मातहतका कार्यालय मार्फत कृषि क्षेत्रको विकासका लागि अनुदान प्राप्त गरेका लाभग्राहीलाइ चालु आ.व.को अनुदान कार्यक्रममा सहभागि गराइने छैन। तर समुह/सहकारीको हकमा गत आ.व.मा अनुदान सहयोग प्राप्त गरेका वाहेकका सदस्यहरु मात्र अनुदान कार्यक्रममा सहभागी हुन सक्नेछन।

कुल प्रसाद दवाडी
कार्यालय प्रमुख
अधिकृत स्तर नवौं

CS Scanned with CamScanner